बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुड्ढी, कपिलवस्तु
५ प्रदेश, नेपाल

पत्र संख्या:०७५।७६
चलानी नं·

मिति:२०७५।०९।०८

## नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन सम्बन्धी बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकासित मिति:२०७५।०९।०८*

यस नगरपालिकाको मिति:२०७५।०८।२९ गतेको निरणय अनुसार यस नगरपालिकाका तपसिल बमोजिमका खोला तथा नदीहरुका स्वीकृत घाटहरुबाट चालु आ.व. ०७५।७६ को बांकी समयको लागि नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ बमोजिम ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन कार्यको ठेक्का व्यवस्थापन गर्नुपर्ने भएकोले ईजाजत प्राप्त र ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलवन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिएको छ।

### शर्तहरु

१. बोलपत्र प्रथम पटक प्रकासित भएको मितिले ३० दिनभित्र रु.३०००।- (तीन हजार) पछि फिर्ता नहुनेगरी यस कार्यालयको एन.एम.बि.शाखा कार्यालय गोरुसिंगेको खाता नं.: ०४४०००६००५५९९७६०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई फर्म र कम्पनीको हकमा नविकरण/अद्यावधीक भएका दर्ता ईजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७४।७५ को करचुक्ता प्रमाण पत्र र व्यक्तिहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि लिखित निवेदन दिई यस नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र खरिद, दर्ता, खोल्ने मिति र स्थान: बोलपत्र खरिद ३०औं दिन भित्र कार्यालय समयभित्र, दर्ता गर्ने ३१औं दिनको १२:०० बजे भित्र, र बोलपत्र खोल्ने ३१औं दिन दिनको २:००बजे। खरिद गर्ने, खोल्ने, मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन।

३. बोलपत्र मान्य अवधी: ४५ दिनको हुनेछ।

४. बोलपत्र जमानत/धरौटी वापत आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशत का दरले हुन आउने धरौटी रकम एन. एम. बि. बैंक गोरुसिंगे शाखा को यस कार्यालयको नाउमा रहेको धरौटी खाता नं.: ०४४००६००५५९९७६००००४ मा बैंक जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंकहरु) बाट यस कार्यालयको नाउमा जारि गरिएको बोलपत्र मान्य अबधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल बिडबण्ड बोलपत्र साथ संलग्न राखि पेश गर्नु पर्ने छ।

५. बोलपत्रको BOQ मा दरेट अंक र अक्षेरमा दुवै स्पस्टरुपमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक भएमा अक्षरमा उल्लेख दरेटलाई मान्यता दिईने छ।

६. खरिद गरेको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खामबन्दी गरी शिलबन्दि लाहाछापा लगाई तोकिएको समयभित्रै पेश गर्नुपर्ने छ।

७. एक फर्मको नाउबाट खरिद गरिएको बोलपत्र अर्को नाउबाट हाल्न पाईने छैन। अर्को नाउबाट बोलपत्र पेश भए सो सम्बन्धी सबै कागजात रद्द गरिने छ।

८. बोलपत्र खरिद गर्दा कार्यालयको छाप र आधिकारिक व्यक्तिको सही भएको बोलपत्रबाहेक अन्य बोलपत्र पेश गर्न पाईनेछैन। सो कुरा बोलपत्र खरिद गर्दा चेक गरी लिनुपर्नेछ।

९. बोलपत्रमा कुनै त्रुटी हुन गएमा त्रुटी सुधार तथा संसोधन गर्ने, बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्न वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१०. बोलपत्रमा रकम उल्लेख गर्दा मूल्य अभिबृद्धि कर (VAT) बाहेकको रकम उल्लेख गर्नुपर्नेछ।

११. बोलपत्र दर्ता गर्ने फर्म तथा व्यक्तिहरुले बोलपत्र पेश गरिसकेपछि सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ र प्रदेश नं. ५ बाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ समेत राम्रोसंग बुझेको मानिनेछ। जानकारी नभएको दावी गर्न पाईने छैन।

मेघनाथ पाण्डेय
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)



Scanned by CamScanner

१२. बोलपत्रदाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्ने छ।

१३. बोलपत्र खरिद दाखिला सम्बन्धी पूर्व बैठक मिति: २०७७।०९।२७ गते बुद्धभूमी नगर कार्यपालिकाको कार्यालयमा बसिने छ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा सहभागी भई यस सम्बन्धमा विस्तृत जानकारी लिने सकिनेछ।

१४. अन्य शर्तहरु बोलपत्र फाराम साथ संलग्न हुनेछ।

| सि. नं. | खोला/घाटको नाम | उत्खनन गर्न सकिने पदार्थ घन.मी. | जम्मा रकम | बोलपत्र फारम खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | **वाणगंगा खोला**<br>(कटनहवा क्षेत्र, मलवाघाट देखि रामजानकी मन्दिर पश्चिमसम्म निजीजग्गा बाहेक, तिलौरीघाट क्षेत्र, खारखानी क्षेत्र) | ५४४५.०० | ११,५२,९२४.३० | ३०००।- |
| २ | **कुन्द्रा खोला**<br>बुद्धभूमी नगरपालिका वडा नं. १ टिक्कर बाट कोन्द्रे जाने सडक देखी उत्तरमा अर्घाखाँचीको सिमाना पत्थरकोट बाट कोन्द्रे जाने सडक सम्म | १५६७५.०० | ३३,१९,०२४.५० | ३०००।- |
| ३ | **गुडरुङ खोला**<br>ठाकुरापुर मगुरघाट देखी दक्षिणी पजगै हुदै चरिगवा सम्म | ६२७०.०० | १३,२७,६०९.८० | ३०००।- |
| ४ | **अगिया खोला**<br>बुद्धभूमी नगरपालिका वडा नं. ९ जमुनीटिहा देखी उत्तरमा अर्घाखाँचीको सिमाना रातो पहरा सम्म (शितगंगा नगरपालिका वडा नं. ११) | २६४००.०० | ५५,८९,९३६.०० | ३०००।- |
| ५ | **झिगवा**<br>बुद्धभूमी नगरपालिका वडा नं. ३ बक्तपुर गाउँको चमर टोल देखी उत्तरमा अर्घाखाँचीको सिमाना बनसठ्ठी सम्म (शितगंगा नगरपालिका वडा नं. ११) | १९९६५.०० | ४,२२,७३९८.१० | ३०००।- |

प्रमुख प्रशासकिय अधिकृत

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner